बैठक नं.: ७-२०८२/०८३

मिति: वि.सं. २०८२/१०/१९ गते सोमबार (ने.सं. ११४६ सिल्लागा पारु)

स्थान: दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कार्यपालिका बैठक हल ।

अध्यक्षता: श्री शम्भु गिरी ज्यू (गाउँपालिका अध्यक्ष)

**प्रस्ताव तथा निर्णयहरु:-**

| प्रस्ताव | निर्णय |
|---|---|
| १. गाउँ सभाको २० औं अधिवेशनको मिति तय गर्ने सम्बन्धमा, | १. दंगीशरण गाउँपालिका, गाउँ सभाको २० औं अधिवेशन तपसिलको मिति, समय, र स्थानमा आयोजना गर्ने ।<br>तपसिल:-<br>मिति:- २०८२/१०/२९ गते बिहिबार ।<br>समय:- दिउँसो ठिक १२:१५ बजे ।<br>स्थान:- दंगीशरण गाउँपालिका, सभा हल, हेकुली, दाङ । |
| २. आ.व. २०८२/०८३ को आय/व्यय अनुमोदन सम्बन्धमा, | २. आर्थिक वर्ष २०८२/०८३ को पुस मसान्त सम्म यस दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाबाट भएको सम्पूर्ण चालु तथा पुँजीगत खर्च जम्मा रु. ११,१५,६०,६७०.४६ (एघार करोड पन्ध्र लाख साठी हजार छ सय सहत्तरी रुपैयाँ छयालीस पैशा मात्र) खर्च सार्वजनिक लेखा समितिको बैठक बसी थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने । |
| ३. विषयगत समितिको प्रगति प्रतिवेदन सम्बन्धमा, | ३. दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिका अन्तर्गत विषयगत समितिका आ.व. २०८२/०८३ को पुस मसान्त सम्मको प्रगति प्रतिवेदन विषयगत समितिको वैठक आयोजना गरी आगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने । |
| ४. राजश्व परामर्श समितिको प्रगति प्रतिवेदन सम्बन्धमा, | ४. दंगीशरण गाउँपालिका राजश्व परामर्श समितिको आ.व. २०८२/०८३ को पुस मसान्त सम्मको प्रगति प्रतिवेदन मिति २०८२/१०/२९ मा आयोजना हुने गाउँ सभा समक्ष विषयगत समितिका सदस्य सचिवले प्रस्तुतीकरण बनाएर १० मिनेट भित्र सक्नेगरी प्रस्तुत गर्ने । |
| ५. आर्थिक सहायता अनुमोदन सम्बन्धमा, | ५.दंगीशरण गाउँपालिकाका वडाहरुबाट सिफारिस साथ आर्थिक सहायता/राहत माग भई आएको र भुक्तानी समेत भएको हुँदा तपसिल बमोजिम आर्थिक सहायता रकम भुक्तानी/अनुमोदन गर्ने ।<br>तपसिल:- |

| क्र.सं. | नाम/थर | ठेगाना | सहायता दिइने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री यम कुमार कामी | दंगीशरण-६ | रु. ४०००/- | उपचार |
| २. | श्री ईश्वरी वादी | दंगीशरण-६ | रु. ५०००/- | उपचार |
| ३. | श्री रती खत्री | दंगीशरण-१ | रु. ५०००/- | आर्थिक सहायता |
| ४. | श्री रविना चौधरी | दंगीशरण-४ | रु. ४०००/- | उपचार |
| ५. | श्री सुनिल विश्वकर्मा | दंगीशरण-७ | रु. ५०००/- | उपचार |
| ६. | एकीकृत दलित मुक्ती मोर्चा नेपाल | - | रु. ५०००/- | आर्थिक सहायता |

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ७. | श्री निर्मला नेपाली | दंगीशरण-६ | रु. १०,०००/- | आर्थिक सहायता |
| ८. | श्री विना चौधरी | दंगीशरण-४ | रु. २०,०००/- | उपचार खर्च |
| ९. | श्री दिल बहादुर गिरी | दंगीशरण-३ | रु. १०,०००/- | आर्थिक सहायता |

**६. गाउँपालिकाको प्रतिक चिन्ह लोगो छनौट सम्बन्धमा,**

६.दंगीशरण गाउँपालिका प्रतिक चिन्ह लोगो निर्माण सम्बन्धी मापदण्ड २०८२ मा भएको व्यवस्था बमोजिम प्रतिक चिन्ह लोगो छनौटका लागि गाउँपालिका उपाध्यक्ष श्री पिमा कुमारी वली (खड्का) ज्यूको संयोजकत्वमा गठित सिफारिस समितिबाट पेश हुन आएका २ (दुई) वटा प्रतिक चिन्ह लोगो मध्ये तपसिल बमोजिमको संशोधन सहित लोगो आगामी कार्यपालिका बैठकबाट छनौट गर्ने ।

<u>तपसिल</u>:-

क) क्र. सं. १ को लोगो सबैभन्दा माथि हाम्रो प्रण सम्मुन्नत दंगीशरण लेखेको, नेपालको राष्ट्रिय झण्डा राखेको र झण्डाको मूनी दंगीशरण गाउँपालिका लेखेको, लोगोको तल्लो भागमा थारु संस्कृतिको पहिचानका लागि ढकिया प्रयोग गरिएको । सबैभन्दा तल्लो भागमा महिला र पुरुषको हात मिलाएको र अन्तमा हेकुली दाङ, लुम्बिनी प्रदेश, नेपाल लेखिएको लोगो ।

**७. कार्यक्रम/योजना संशोधन तथा रकमान्तर सम्बन्धमा,**

७.दंगीशरण गाउँपालिका विभिन्न विषयगत क्षेत्र तथा वडाहरुमा विनियोजन भएको आर्थिक वर्ष २०८२/०८३ को बजेट शिर्षकलाई संशोधन गर्नका लागी विषयगत समितिको बैठक आयोजना गरी आगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने ।

**८. संघीय विशेष र समपुरक अनुदान,**

८. आर्थिक वर्ष २०८३/८४ का लागि यस दंगीशरण गाउँपालिका अन्तर्गत प्राप्त हुने संघीय विशेष र समपुरक अनुदान सम्बन्धमा निम्नानुसार योजना पेश गर्ने ।

| संघीय विशेष अनुदान | संघीय समपुरक अनुदान |
|---|---|
| क) खर, खपडा, टायलको छानो विस्थापन योजना (क्रमागत) | क) बागर, दलितबस्ती थपगाउँ सडक कालोपत्रे योजना (क्रमागत) |
| ख) दलित नमूना वस्ती विकास योजना दंगीशरण गाउँपालिका-२, दाङ । | ख) रचपल-बाका-मन्त्रीडाँडा-बुट्टीपुर हुँदै बुटनिया सडक स्तरोन्नती दंगीशरण गाउँपालिका-७, दाङ । |
| ग) अल्पसंख्यक (बादी) दलित जनजाती (लेटार, प्रसडुवा, थपगाउँ) वस्ती विकास आयोजना दंगीशरण गाउँपालिका, दाङ । | ग) मिलचोकदेखि-बुर्केसाल हुँदै फुर्केसल्ली सडक स्तरोन्नती आयोजना दंगीशरण-१, दाङ । |

**९. प्रदेश विशेष र समपुरक अनुदान सम्बन्धमा,**

९. आर्थिक वर्ष २०८३/८४ का लागि यस दंगीशरण गाउँपालिका अन्तर्गत प्राप्त हुने प्रदेश विशेष र समपुरक अनुदान सम्बन्धमा निम्नानुसार योजना पेश गर्ने ।

| प्रदेश विशेष अनुदान | प्रदेश समपुरक अनुदान |
|---|---|
| क) कम्पोष्ट तथा जैविक मल उत्पादन तथा प्रशोधन केन्द्र स्थापना (क्रमागत)। | क) थपगाउँ-धरमपूर-लेटार सडक स्तरोन्नती आयोजना दंगीशरण गाउँपालिका-६, दाङ । |
| ख) विपन्न समुदायको पोषण तथा शैक्षिक सुधार कार्यक्रम । | ख) बालापुर-सलौरा सडक स्तरोन्नती दंगीशरण-५, दाङ । |
| ग) अल्पसंख्यक समुदायका लागि आय आर्जन कार्यक्रम । | ग) रावतगाउँ चोक देखि चिरेगार चितानपुर सम्म सडक स्तरोन्नती |

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | सहित कालोपत्रे योजना दंगीशरण गाउँपालिका-३, दाङ । |
| १०. विविध सम्बन्धमा । | १०.दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत उद्यमशिलता तालिम सञ्चालनका लागि विनियोजित बजेट रु. ८५,०००/- र १५ जना लघु उद्यमी सिर्जना गर्नका लागि विनियोजित बजेट रु. १,६५,०००/- बाट वेकरी तालिम दंगीशरण गाउँपालिका वडा नं. ७ मा आयोजना गर्ने । | |

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत


Email: prasashan@dangisharanmun.gov.np Web: dangisharanmun.gov.np